प्रतिलिपि प्रमाणित

२०८०।९।६ बैठक संख्या: १०

मितिः २०८० पुस ०६ गते
समयः बिहान ८ बजे

नगर कार्यपालिकाका अध्यक्ष/नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

सि.नं.	नाम थर	पद	हस्ताक्षर
१	श्री भूपेन्द्रकुमार लावती	नगर प्रमुख/अध्यक्ष	
२	श्री कृष्णकुमारी निरौला	उप प्रमुख	
३	श्री विष्णुकुमार मगर	वडाध्यक्ष वडा नं.१	
४	श्री तेजप्रसाद तिम्सिना	वडाध्यक्ष वडा नं.२	
५	श्री डम्बर बहादुर राई	वडाध्यक्ष वडा नं.३	
६	श्री रामकुमार श्रेष्ठ	वडाध्यक्ष वडा नं.४	
७	श्री भूमबहादुर सुर्य मगर	वडाध्यक्ष वडा नं.५	
८	श्री जंगवीर तामाङ	वडाध्यक्ष वडा नं.६	
९	श्री खगेन्द्रबहादुर लिम्बु	वडाध्यक्ष वडा नं.७	
१०	श्री भीमप्रसाद पोखेल	वडाध्यक्ष वडा नं.८	
११	श्री नन्दप्रसाद खतिवडा	वडाध्यक्ष वडा नं.९	
१२	श्री अमिता राई	कार्यपालिका सदस्य	

१३	श्री चम्पा थापा मगर	कार्यपालिका सदस्य	
१४	श्री शोभा बोहरा	कार्यपालिका सदस्य	
१५	श्री पुरणमाया राई	कार्यपालिका सदस्य	
१६	श्री गीता मगर	कार्यपालिका सदस्य	
१७	श्री ओमप्रकाश वि.क.	कार्यपालिका सदस्य	
१८	श्री गंगामाया विश्वकर्मा	कार्यपालिका सदस्य	गंगा
१९	श्री माया नेपाली दर्जी	कार्यपालिका सदस्य	माया
२०	श्री.नारायण न्यौपाने	सदस्य सचिव	

अन्य उपस्थिति

लेखा अधिकृत - श्री. प्रतित भण्डारी

इन्जीनियर - श्री. भानुभक्त राई

जनस्वास्थ्य अधिकृत - श्री. केशव रिजाल

अ.न.मी. - श्री सिता थापा

मिति : २०८०।०९।०६ शुक्रबार

निर्णयहरु

सि नं	विषय	निर्णय
१	समीक्षा सम्बन्धमा	मिति २०८०।०८।२२ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्बनको समीक्षा गरियो। समिक्षामा पाइएको बिषयहरू: १. नदिजन्य पदार्थ बढि उत्खन्न भएको पाइएकोमा जरिवाना सहित राजश्व दाखिला गर्न पत्राचार गरिएको। २. हिउँदे अधिबेसनको तयारीका कामहरू हुँदै गरेको। ३. नदिजन्य पदार्थ अमानत बाट संकलन गर्न कार्य शार्वजनीक सूचना निकाली बन्द गरिएको आदी।
२	प्रतिवेदन स्विकृत	आर्थिक बर्ष २०८१/८२ को आय व्यायको प्रक्षेपण सहितको स्थानीय राजश्व परामर्श समितिबाट प्राप्त प्रतिवेदन स्वीकृत गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।
३	अदालतको पेशि तारेख सम्बन्धमा।	यस नगरपालिकालाई बिपक्षी बनाइ लगाइएको सबै मुद्दाको सम्बन्धमा पेसी तारेक धाउन, अदालतले बोलाएको समयमा उपस्थिति जनाउनका लागि यस लेटाङ नगरपलिकाको कर्मचारी तोकेकोमा निजको व्यस्थताको कारण कार्यपालिका सदस्य श्री चम्पाथापा मगर लाई फोकल पर्सन तोक्ने।
४	नदिजन्य पदार्थको खोला ठेक्का सम्बन्धमा।	यस कार्यालयको ठेक्का नं LM/MOR.NCB/REV/01/2080-81 (Mining Collection And Selling Of Riverbed Materials Of Chisang, Morangi And Teli Khola) सम्बन्धमा मिति:२०८०।०९।०५ गते वोलपत्र मुल्याङकन समितिको प्रतिवेदन वमोजिम प्राप्त बोलपत्र दाताबाट प्राप्त कबोल रकमहरूमा देहायको अवस्था देखिएकोमा सबैभन्दा बढि कबोल गर्ने श्री प्राथिभरा क्यारियर प्रा.ली.को कबोल रकम रू५४०७०७९७।४० (मू.अ.कर बाहेक) स्विकृत गर्ने निर्णय गरियो। **देहायः** १.श्री पाथिभरा क्यारियर इटहरी, सुनसरी कबोल अङ्क - ५४०७०७९७।४० (मु.अ.कर बाहेक) २.श्री बिनिता कन्सट्रकसन एण्ड सप्लायर्स प्रा.ली. कबोल अङ्क - ४७००००००।०० (मु.अ.कर बाहेक) ३.वाराजी कन्सट्रक्सन प्रा.ली. कबोल अङ्क – ४४७३९४२९।२० (मु.अ.कर बाहेक)
५	संस्था दर्ता सम्बन्धमा।	यस लेटाङ नगरपालिकामा पेश हुन आएको संस्था दर्ता सम्बन्धी बिद्यान लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ को दफा ४ बमोजिम देहायको संस्थाको दर्ता गर्ने। **देहायः**

		१. तूमबुङ्बा कुम्लेटार खानेपानी तथा सरसफाई उपभोक्ता समिति विधान २०८० २. जोरकुप तथा जलाधार क्षेत्र संरक्षण समिति विधान २०८०
६	शार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा।	१.लेटाङ नगरपालिका वडा नं २ अन्तर्गत चिसाङ पुलको पश्चिम भाग देखि दक्षिण पश्चिम क्षेत्रमा गई स्थलगत नापी गरी उक्त क्षेत्र साविक नक्सा सिट नं २।ख को सिं नं १६२,३५,३३ देखि पूर्व तर्फको चिसाङ खोला नदि उकास ०-१५-१०-० क्षेत्रफल भएको सार्वजनिक जग्गाको नाप नक्सा सर्जमिन भई आएकाले स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ९७ बमोजिम संरक्षणका गर्ने। २.लेटाङ नगरपालिका वडा नं ९ अन्तर्गत मिलिजुलि टोल बिकास संस्था २ भित्र मदनमार्ग संगै जोडिएको मोरङी खोलाको पुल दक्षिण कि.नं.१ देखि पश्चिम, कित्ता नं ६४० देखि उत्तर, मोरङी खोलाको पूर्व किनारमा रहेको करिव २-०-०-० वगाह क्षेत्रफल भएको नदि उकास सरकारी प्रति जग्गा वडा कार्यालय तथा अमिन मार्फत नापि नक्सा भई आएकाले स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ९७ बमोजिम पोखरी निर्माण गरी उक्त जग्गाको संरक्षण गर्ने।
७	बजेट बिनियोजन सम्बन्धमा।	१.लेटाङ नगरपालिका वडा नं २ मा अवस्थित आधारभूत स्वास्थ्य केन्द्रमा प्रयोगशाला विस्तारका लागि रकम आवश्यक भई माग आएकोमा वडा कार्यालयले बिनियोजन गरेको रू ३००००० मा अनुमानित अपुग रकम रू ३००,०००/- लेटाङ नगरपालिका आ.व.२०८०/८१ मा बिनियोजन भएको स्वास्थ्य संस्थाहरुमा आधारभूत सेवा विस्तार तथा सुधारका लागि अत्यावश्यक औजार उपकरण खरीद शिर्षकबाट बिनियोजन गर्ने। २.यस लेटाङ नगरपालिका वडा नं ३ मा अवस्थित तथा लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ को दफा ४ बमोजिम लेटाङ नगरपालिकामा दर्ता भएको श्री समृद्धि महिला विकास संस्था लेटाङले ९ वटै वडाहरूलाई समेटने गरी ३ दिने नेतृत्व क्षमता अभिवृद्धि तालिम संञ्चालन गर्नका लागि प्रस्तावना सहित रकम माग गरेकोमा उक्त संस्थालाई रू१२००००/- प्रादन गर्ने।(श्रोतः महिला उद्यमशिलता तथा शसक्तिकरणका लागि सीपमुलक तालिम बाट) ३. लेटाङ नगरपालिका वडा नं. ३ को किर्तिमान माझी टोल टोलबिकास संस्थाको माग निवेदन बमोजिम उक्त क्षेत्रभित्र जंगली हात्ती आतङ्क हालसालै बढ्दै गएकाले उक्त क्षेत्रको जोखिम कम गर्नका लागि सडक बत्ति जडान गर्न वडा कार्यालयबाट प्राप्त प्राविधिक स्टमेट बमोजिम अनुमानीत लागत रू१२२६४५।५३ बिनियोजन गर्ने।(श्रोतः बिपद व्यवस्थापन कोष) ४. वडा नं ८ को जाँते स्वास्थ्य चौकीमा अवस्थित माइक्रोसकोप काम नदिने अवस्थामा भई सेवा प्रवाहमा समस्या आएको हुँदा माइक्रोसकोप खरिदका लागि रू २०००००/- बिनियोजन गर्ने।(श्रोतः स्वास्थ्य संस्थाहरुमा आधारभूत सेवा विस्तार तथा सुधारका लागि अत्यावश्यक औजार उपकरण खरीद शिर्षकबाट)

		५.लेटाङ नगरपालिका वडा नं १ मा रहेको लाख धनबरे तथा हैकले कृषि सडक स्तरउन्नतीको लागि रू१५००००/-बिनियोजन गर्ने।(श्रोत:अन्य सडक मर्मत सम्भार बाट)
८	झोलुङ्गे पुल सम्बन्धमा।	लेटाङ नगरपलिकामा अवस्थित देहायको झोलुङ्गे पुल निर्माणका लागि आवश्यक देखिएकोले अघत खोला झो.पु भुवा खोला झो.पु लेटाङ वडा नं ५ र ८ जोड्ने खेरूवा खोला, लेटाङ वडा नं ७ झाँक्री खोला,कांली खोला,तक्चुवा खोला झो.पु खर्च शिर्षकबाट देहायको झो.पु निर्माणका लागि रकम बिनियोजन गरियो। झाक्रि खोला झोलुङ्गे पुल उपभोक्ता समितिबाट रू१४५२५२०।१०,सामाग्रीका लागि रू८६६१२२।५७ गरी जम्मा रू२३१८६४२।६७ र भुवाखोला झोलुङ्गे पुलका लागि सामाग्री प्राप्त भई सकेकाले उपभोक्ता समितिका लागि रू १०२०६४२।२८ गरी जम्मा रू ३३३९२८४।९५ बिनियोजन गर्ने।(अपुग रकम रू३३९२८४।९५ भैपरी चालु खर्च शिर्षकबाट बिनियोजन गर्ने।)
९	सामाग्री खरिद सम्बन्धमा।	यस लेटाङ नगरपालिकामा भुमिहिन दलित,भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित वसोबासी जग्गा व्यवस्थापन कार्यक्रम अन्तर्गत बिनियोजन भएको बजेट बाट टोटल स्टेसन (टि.एस) मेसिन खरिद गर्ने।
१०	कर संकलन सम्बन्धमा।	लेटाङ नगरपालिका क्षेत्रमा सार्वजनिक जग्गामा मौसमी रूपमा अस्थाई रूपमा कुच्चो सुकाउने गरेको तथा लेटाङ नगरपालिका आर्थिक ऐनमा कुचो/तेजपत्ता सुकाउने प्रयोजनका लागि वहाल बिटौरी शुल्क रू६ प्रति वर्ग मिटर तोकिएको हुँदा उक्त सार्वजनिक क्षेत्रको उपयोगका लागि सव डिभिजन वन कार्यालय लेटाङ सँग समन्वय गरी बढाबडमा ५ दिन भित्र प्राप्त गर्ने गरी सार्वजनिक सूचना प्रकाशन गरी कोटेशन माग गर्ने।
११	बिधायन समितिलाई जिम्मेवारी प्रदान।	यस लेटाङ नगरपालिकामा रहेको लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ लाई समसामयिक बनाउन संसोधन गर्न आवश्यक रहेकाले बिधायन समितिलाई जिम्मेवारी प्रदान गर्ने।
१२	कार्यबिधि निर्माण सम्बन्धमा।	यस लेटाङ नगरपालिकामा स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी कार्यबिधि तयार गरी कार्यपालिकामा पेश गर्न स्वास्थ्य शाखा प्रमुखले मस्यौदा तयार समिति सँग सहकार्यमा मस्यौदा तयार गरी बिधायन समितिमा पेश गर्ने।
१३	खेलकुद प्रतियोगिता संचालन	लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित कुइकुण्डा भलिबल खेलकुद प्रतियोगिता संञ्चालनका लागि रू२५०००/- प्रदान गर्ने।(श्रोत: खेलकुद प्रतियोगिता सञ्चालन)
१४	योजना माग गर्ने सम्बन्धमा।	कोशी प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालय बाट प्रदेश आयोजना बैङ्क व्यवस्थापन सम्बन्धी कार्यबिधि,२०८० अनुसार तपसिलको आयोजना पेश गर्ने। **तपसिल:**

...कुमार...
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

<table>
<tr>
<td></td>
<td></td>
<td>
<u>पशुपंक्षि बिकास तर्फः</u>
<table>
<tr><th>क्र.स.</th><th>आयोजनाको नाम</th><th>विकास तथा निर्माण लागत</th><th>सञ्चालन लागत</th></tr>
<tr><td>१</td><td>व्यवसायिक बाखा पकेट कार्यक्रम</td><td>६५०००००/-</td><td>१५०००००/-</td></tr>
<tr><td>२</td><td>बंगुर पालन कार्यक्रम(पकेट)</td><td>१५०००००/-</td><td>३०००००/-</td></tr>
<tr><td>३</td><td>भेडा प्रवर्दन कार्यक्रम</td><td>१०,००,०००/-</td><td>३०००००/-</td></tr>
<tr><td colspan="4"><u>कृषि बिकास तर्फः</u></td></tr>
<tr><td>१</td><td>सुपाडी खेती विस्तार तथा प्रवर्दन कार्यक्रम</td><td colspan="2">प्रदेश सरकार मार्फतः रू ७५,००,०००/-
स्थानीय तह/कृषकबाटः रू १५,००,०००/-
जम्माः- ९०,००,०००/-</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>१५</td>
<td>पशुसेवा प्राविधिकको पारिश्रमिक।</td>
<td>नगर कार्यपालिका कार्यालयमा कार्यरत पशुसेवा प्राविधिकहरुका लागी कृत्रिम गर्भाधान गरेवापत प्रति गाइभैंसी रु ५००/- पशुवीमामा प्रति गाइभैंसी बङ्गुर वापत रु ३००/- वाखा रु १५०/- खोपमा बाखा पिपिआर रु १० गाइभैंसी खोरेत चरचरे भ्यागुते रु २० बङ्गुर स्वाइनफिवर रु २० पंछि रानीखेत तथा अन्य खोप रु ५ सर्भिलेन्सका लागी प्रति हप्ता रु १०००/- उपलव्ध गराउने ।</td>
</tr>
<tr>
<td>१६</td>
<td>प्रधानमन्त्री रोजगार सँग साझेदारी</td>
<td>१.वडा नं ५ को मजुवा तल्लो कुलो संरक्षणका लागि तारजाली नगरले उपलब्ध गराएको जाली भर्ने कामका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी गर्ने।
२.वडा नं ५ मा घिमिरे इनार जलधार संरक्षण तथा पर्यटन प्रवर्धन शिर्षकमा रू १०००००/- बिनियोजन भएकोमा उक्त योजना प्रधानमन्त्री रोजगार सँग साझेदारी गर्ने।
३.वडा नं १ को वडा सेवा केन्द्र भवन निर्माणमा बिनियोजन भएको रकम रू २५००००/- प्रधानमन्त्री रोजगार सँग साझेदारी गरी काम गर्ने।
४.वडा नं ९ को शिवालय सामुदायिक भवनमा शौचालय निर्माण रकम रू ५०००००/- बिनियोजन भएकोमा उक्त योजनाको प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारीमा गर्ने।
५. वडा नं ७ को याचेपा खोल्सीमा तारजाली नगरले उपलब्ध गराएको हुँदा उक्त जाली भर्ने कार्य प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारीमा गर्ने।
६.वडा नं ७ मा भगवती आ.वि. भवन मर्मत शिर्षकमा बिनियोजन भएको रू१,३८,०००/- रकम प्रधानमन्त्री रोजगार सँग साझेदारी गरी गर्ने।
७.वडा नं ७ को श्री ज्योति आ.वि. मा सुख्खा गारो निर्माणका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गर्ने।
८.वडा नं ७ को बाटो सोलिङ गर्ने कार्य प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत गर्ने।</td>
</tr>
</table>

भुपेन्द्र कुमार लावती
नगर प्रमुख

१७	राहात बितरण सम्बन्धमा।	लेटाङ नगरपालिकामा जङगली हात्ती आताङ्क बाट क्षति भएका तपसिल बमोजिमकोलाई देहायको आधारमा अधितम रू१०००० राहात प्रदान गर्ने। (श्रोतः बिपद् व्यवस्थापन शिर्षकबाट) **देहायः** ५ हजार मुनी – बास्तविक क्षतिको रकम दिने ५ हजार देखी २५ हजार सम्म – रू ६०००/- २५ हजार देखी ५० हजार सम्म – ८०००/- ५० हजार देखि माथी - रू१००००/- **तपसिलः**

वडा नं	नाम,थर	अनुमानित क्षती	राहत रकम
३	हर्क बहादुर विश्वकर्मा	३५०००/-	८०००/-
३	लोक बहादुर मगर	६००००/-	१००००/-
३	पूर्ण बहादुर खड्का	२५०००/-	८०००/-
९	कुमार पाण्डे	२२५००/-	६०००/-
९	टेक बहादुर मगर	९०००/-	६०००/-
९	ललित बहादुर मगर	२२५००/-	६०००/-
९	मान बहादुर कटुवाल	२४०००/-	६०००/-
३	मौसम लिम्बु	३७०००/-	८०००/-
३	गोपाल श्रेष्ठ	९०००/-	६०००/-
३	जगत बहादुर श्रेष्ठ	१३५००/-	६०००/-
३	चन्द्रकुमार राई	६७५०/-	६०००/-
	जम्मा	२६४२५०/-	६४०००/-